दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

राम्रो घडेरी बिक्रीमा
तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।
सम्पर्क नम्बरः ९८०१८२७९५०

वर्ष ३८ | अंक १०२ | बुटवल | २०८२ चैत २८ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday April 11, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# ११ वर्षमा तिलोत्तमामा थपिए २१ हजार १२८ घर

**पछिल्लो चार वर्षमा झण्डै २ हजार ५ सय बढीले अनलाइन सेवा लिएकामा गत वर्ष मात्र २ करोड ८० लाख बढी राजस्व संकलन भएको छ। यहाँ अनलाइन घर नक्सा पास सेवा प्रभावकारी बन्दै गएको छ।**

**घनश्याम गौतम**

*तिलोत्तमा*

तिलोत्तमा नगरपालिकाले सेवाग्राहीको सुविधाका लागि सुरु गरेको अनलाइन घर नक्सा पास प्रभावकारी बन्दै गएको छ। नगरपालिकाले सेवा प्रवाहमा चुस्त, छरितो र सहज बनाउने उद्देश्यले २०७८ असोजदेखि अनलाइन घर नक्सा पास अर्थात् इलेक्ट्रोनिक बिल्डिङ परमिट सिस्टम (इभीपीएस) कम्युटर सफ्टवेयरबाटै गर्ने व्यवस्था सुरु गरेको थियो। तिलोत्तमामा नगरपालिका स्थापना भएयता अहिलेसम्म २१ हजार १ सय २८ नया घर थपिएका छन्। २०७१ मंसिर १६ मा ६ वटा गाविस मिलेर नगरपालिका भएको थियो।

लुम्बिनी प्रदेशमै पेपरलेस नगरपालिकाको अवधारणा अनुसार तिलोत्तमाले पहिलो चरणमा घर–नक्साको काम विद्युतीय नक्सा पास प्रणालीबाट गर्ने व्यवस्था सुरु गरेको हो। त्यसले नगरपालिकामा राजस्व भुक्तानीलगायतका विभिन्न सेवा प्रवाहका कामसमेत अनलाइनबाट हुँदै आएका छन्। सेवा सुरु गरेको झण्डै साढे ४ वर्षमा नगरपालिकाबाट ८ सय २१ वटा घरधनीले अनलाइन सेवाबाटै घर नक्सा सम्पन्नता लिएका छन्। तला थपमा ४८ र नियमित सम्पन्नमा २ सय ७१ ले सुविधा लिएका छन्।

नगरपालिकाको नक्सा शाखाका वरिष्ट इञ्जिनियर मनिष खनालकाअनुसार पछिल्लो समय बन्दै गरेको घरको सुपरस्ट्रक्चरका लागि ६ सय ९ जना र पिलिन्स इजाजतका लागि ७ सय १३ जनाले स्वीकृती लिएका छन्। १ सय ४ जनाको अनलाइनबाटै नामसारी भएको र १ सय १६ जनाको अभिलेखिकरण गरिएको उनले बताए। 'सकेसम्म सेवाग्राहीले छिटो र सहजरुपमै सेवा प्राप्त गरुन भन्ने उद्देश्यले नै अनलाइन सेवा परीक्षणका रुपमा सुरु गरेका थियौं,' उनले भने–'सुरुमा प्राविधिक रुपमा केही झन्झट र चुनौतीपूर्ण भए पनि अहिले सेवाग्राही सन्तृष्ट हुँदै जानु भएको छ।' नगरपालिकाले घर नक्सा पास अनलाइन सुविधासँगै राजस्व संकलन पनि अनलाइनबाटै हुने गराएको उनले बताए।

नगरपालिकाले घर नक्सा अनलाइन व्यवस्थापनसँगै भवन निर्माण मापदण्डलाई पनि थप प्रभावकारी बनाएको छ। नगरप्रमुख रामकृष्ण खाँणका अनुसार तिलोत्तमा नगरपालिका रूपन्देहीमा सबैभन्दा बढी नयाँ घर निर्माण हुने नगरपालिका पनि हो। त्यसैले भवन निर्माण मापदण्ड र अनलाईन सेवा नगरपालिकाभित्र प्रभावकारी बन्दै गएको र त्यसको कार्यान्वयनमा नगरपालिकाले प्राथमिकतामा राखेर काम गरिरहेको उनले बताए। 'अहिले दैनिक चार वटा नया नक्सा दर्ता हुदा दुई वटा घरको नक्सा पास अनलाईनबाटै हुने गरेको छ,' उनले भने–'विद्युतीय प्रणालीबाट नक्सा पास गराउँदा सम्बन्धित व्यक्ति सेवा लिनका लागि लाईनमा बस्न र फाईल बोकेर फाँटफाँटमा दौडिरहन पर्दैन्।' विद्युतीय प्रणालीबाट नक्सा पास गर्दा कागजपत्रहरु सुरक्षित रहने तथा नगरलाई पनि तथ्याङ्क राख्न र आवश्यकता परेको बेला खोज्न पनि सहज हुने गरेको उनले जनाए।



अनलाइन प्रविधिले घरनक्सा दर्तादेखि सम्पन्न प्रमाणपत्र दिनेसम्मका सम्पूर्ण काम अनलाइनबाटै भईरहेको घर नक्सा शाखाकी सब इञ्जिनियर उषा न्यौपानेले बताइन्। उनका अनुसार सेवाग्राहीले निवेदन दिएको कम्तिमा ३ दिनमा राजस्व तिरेपछि सूचना टाँस्ने काम हुने र पुरानो घरको हकमा १५ दिनको सूचनाको समय सकिएपछिको बढीमा चार दिन र नयाँको हकमा प्राविधिकको प्रतिवेदनपछि सम्पन्नता प्रदान गर्ने गरिएको छ। 'घर नक्सा पासको प्राविधिक प्रतिवेदनका लागि नगरपालिकाले प्रत्येक वडामा १ जना प्राविधिक खटाएको छ,' उनले भनिन्– 'घरधनीले दिएको अनलाइन निवेदनका आधारमा प्राविधिकहरु घर निर्माणस्थलमै पुग्ने र प्राविधिक प्रतिवेदन तयार गरेपछि सम्पन्नताको प्रमाणपत्र उपलब्ध हुन्छ।' अनलाइन सेवा प्रवाहले ग्राहकको ढिलासुस्तीको गुनासो रोकिएको उनले बताइन्।

नगरपालिकामा अनलाइन घर नक्सा सेवा सुरु हुनुभन्दा अघि २० हजार फाइलहरु थिए। अहिले ति फाइलहरुमध्ये पनि ११ हजार फाइलहरुलाई डिजिटल प्रविधिमा इन्ट्रि गरिसकिएको छ। अन्य पुराना फाइलहरुको पनि कम्प्यूटर अभिलेखीकरण गर्ने काम भईरहेको नगरपालिकाले जनाएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले घरनक्सा पासको अनलाइन सेवा प्रभावकारी बन्दै गएपछि नगरपालिकाले छिट्टै नै पुरै अनलाइन सेवामार्फत् नगरपालिकाले पेपरलेस नगरपालिका घोषणा गर्नेगरी काम गर्न थालिएको बताए। 'समयको माग, भवनसंहिता पालना र नक्सा बनाउने प्रक्रिया पारदर्शी गराउँदै तिलोत्तमालाई स्मार्ट शहरको रुपमा विकास गरिरहेका छौं,' उनले भने–'नगरपालिकाले प्राप्त गरेको आइएसओ प्रमाणपत्रलाई समेत ख्याल गर्दै सबै सेवा सुविधा अनलाइन प्रविधिबाटै प्रवाह गर्ने तयारीमा छौं।' त्यसका लागि विभिन्न विकास साझेदारहरुको पनि सहयोग रहेको उनले बताए।

नगरपालिकाले गत आव २०८१/०८२ मा मात्र घर नक्साबाट २ करोड ८० लाख राजस्व संकलन गरेको थियो। चालु आवको साउनदेखि चैत १८ सम्ममा १ हजार ३ सय १२ जनाले घर नक्साका लागि निवेदन दिएका छन्। नगरपालिकाको घर नक्सा शाखाका अनुसार साउनमा ८५, भदौमा ६६, असोजमा ९३, कात्तिकमा १ सय ६०, मंसिरमा २ सय ४६, पुषमा २ सय ५, माघमा १ सय ४७, फागुनमा १ सय ७३ र चैतको १८ गतेसम्म १ सय ३७ घर नक्साको निवदेन पेश भएका छन्।

**कसरी हुन्छ अनलाइन नक्सा पास ?**

प्राविधिकहरुका अनुसार इलेक्ट्रोनिक बिल्डिङ परमिट सिस्टम (इभीपीएस) कम्युटर सफ्टवेयरमा नक्सा पास गर्न कहाँ–कहाँ जाने भनेर 'अप्सन' र अप्सनमा विभिन्न डेस्क राखिएका हुन्छन्।

ती डेस्कमा चरणबद्ध रूपमा गएपछि नक्सा पास गर्ने प्रक्रिया पूरा हुन्छ। प्रारम्भमा इजाजत प्राप्त व्यक्ति वा कन्सल्टेन्टलाई उपलब्ध गराइएको प्रोग्रामको 'युजर आईडी र पासवर्ड' अनुसार नक्सा पास गर्न चाहिने जग्गाको लालपुर्जा, नागरिकता, फोटो, सम्पत्ति कर तिरेको रसिद, नापी, नक्सा, जस्ता घरजग्गासँग सम्बन्धित आवश्यक कागजपत्र स्क्यान गरेर सबै फाइल 'एट्याच' गरी पठाइन्छ।

डिजाइन डेस्कबाट डकुमेन्ट रजिष्ट्रेशन डेस्कमा पुग्छन्। जसमा लालपुर्जा, जग्गाको कित्ता नम्बरलगायत इञ्जिनियरले जाँच गर्छन्। यसपछि इञ्जिनियरले टेक्निकल डेस्कमा पठाउँछन्। जुन डेक्समा डिजाइन, भवन मापदण्ड तथा भवनसंहिता पूरा गरेको/नगरेको हेरिन्छ। सबै ठीक भएपछि 'एक्ज्युकेटिभ डेस्क' मा पठाइन्छ जसमा छुटपुट छ वा छैन भनेर जाँच गरिन्छ।

प्राविधिकहरुका अनुसार यदि तोकिए अनुसारको मापदण्ड पूरा भएको छैन भने सफ्टवेयरले त्यसलाई सपोर्ट गर्दैन। मापदण्ड पूरा भएको फाइल 'रेभिन्यु डेस्क' हुँदै राजस्वमा गएपछि विधिवत दर्ता भई वडा डेस्कमा जान्छ। वडा डेस्कमा पुगेपछि १५ दिने सूचना टासगरी सँधियारको दाबीविरोध, प्राविधिकबाट नक्साअनुसारको फिल्डलगायत जाँच गरेर घर निर्माणका लागि स्वीकृत गरिन्छ। यी सबै प्रक्रिया पूरा गरेर घर सम्पन्न भएपछि सम्पन्नताको प्रमाणपत्र दिनेसम्मका काम अनलाइन प्रणालीबाटै हुने गरेका छन्।

### रूपन्देहीमा १६औं राष्ट्रिय भेटेरिनरी सम्मेलन :

## पशुपंक्षी जाँच्ने डाक्टरलाई बढी सम्मान गरौं : मुख्यमन्त्री




बुटवल। 'दिगो पशुधन र खाद्य सुरक्षाको लागि स्वास्थ्य मार्ग' नारासहित रुपन्देहीमा १६औं राष्ट्रिय भेटेरिनरी सम्मेलन सुरु भएको छ।

नेपाल भेटेरिनरी एशोसियसन (एनभीए)को आयोजनामा रुपन्देहीको मणिग्राममा सुरु भएको सम्मेलनको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरे।

सम्मेलन गद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले कृषि र पशुपालन नै नेपालको दीगो विकास र आत्मनिर्भरताको मुख्य आधार भएको उल्लेख गर्दैराज्यले किसान र भेटेरीनरी चिकित्सकको महत्वलाई बुझ्न नसकेको स्वीकार गरे। उनले किसान र पशुको उपचार गर्ने चिकित्सकलाई अझ बढी सम्मान गर्नुपर्ने आग्रह गरे। 'हामीमा मान्छेको उपचार गर्ने डाक्टरको मात्रै सम्मान गर्ने तर दूध, मासु, गोबर दिने गाई, भैंसी, बाख्रा जस्ता पशुधनको उपचार गर्ने डाक्टर र किसानलाई सम्मान नगर्ने चिन्तनछ, यो गलत हो,' मुख्यमन्त्री आचार्यले भने–'दुबैथरि डाक्टरको आ–आफ्नो क्षेत्रमा उत्तिकै महत्व छ, तर पशुको उपचार गर्ने डाक्टरलाई बढी सम्मान गर्नुपर्छ, पशु स्वस्थ भए किसानको उत्पादन र आम्दानी दुबै वृद्धि हुन्छ।'

मुख्यमन्त्री आचार्यले पशुपंक्षी चिकित्सक र भेटेरिनरी जनशक्तिलाई राज्यले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन र विभेदकारी कानुन बनेको भए सच्याउन प्रदेश सरकार तयार रहेको बताए।

पशुपालनको परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्न भेटेरिनरी जनशक्ति र पशु चिकित्सकलाई प्रोत्साहन जरुरी रहेकोमा मुख्यमन्त्री आचार्यले जोड दिए। पशुमा देखिने नयाँ–नयाँ रोगहरु चुनौतीका रुपमा देखा परेका औंल्याउँदै मुख्यमन्त्री आचार्यले रोग नियन्त्रण गर्न भेटेरिनरी जनशक्तिलाई अनुसन्धानमा लगानी बढाउनुपर्ने बताए। पशुपालन क्षेत्रमा देखिने समस्याको दीर्घकालीन समाधानका लागि नयाँ प्रविधिको उच्चतम प्रयोग गर्दै खोज तथा अनुसन्धानलाई तीनै तहका सरकारले प्राथमिकतामा राख्नुपर्ने मुख्यमन्त्री आचार्यले सुझाए। लुम्बिनी प्रदेश दूध, मासु र अण्डामा आत्मनिर्भर भएर बाहिर निर्यात गर्न सक्षम भएको भन्दै उनले पशु–पंक्षीपालक किसानलाई व्यावसायिक बनाउन भेटेनरी जनशक्तिको सकारात्मक भूमिका आवश्यक रहेको मुख्यमन्त्रीले बताए।

सम्मेलनमा नेपाल भेटेरिनरी एशोसिएसनका अध्यक्ष डा. केदार सुवेदीले बारम्बार ताकेता गर्दा पनि भेटेरिनरीयनहरूलाई मेडिकल डाक्टर सरहको दर्जा र सेवा सुविधा दिन माग गरे। आफूहरुमाथि असमानता र विभेद गरिएको गुनासो गर्दै उनले सरकारको नीति तथा बजेटमा पनि अपेक्षित रुपमा प्राथमिकता नपाएको जनाए।

अति आवश्यक संघीय भेटेरिनरी प्रयोगशाला तथा पशु आनुवंशिक स्रोत केन्द्रलगायतका संरचनाहरुलाई प्रदेशमा हस्तान्तरण हुने सम्भावना रहेको भन्दै उनले त्यसो नगर्न माग गरे।

औषधी ऐनमा प्रेस्क्रिप्सन लेख्ने र भेटेरिनरी डाक्टरलाई औषधी पसल खोल्ने कानुनी अधिकार दिन उनले माग गरे। 'भेटेरिनरीयनहरू आफूले उपचार गर्ने पशुको लागि प्रयोग हुने औषधीको प्रेस्क्रिप्सन लेख्दा पनी कानुनी कारबाही हुने हो की भन्ने अन्यौलतामा छन्, पशु बधशाला तथा मासु जाँच ऐन २०५५ कार्यान्वयन नहुँदा र पशु चिकित्सा परिषद् ऐन,२०५५ लगायतका ऐन संशोधन नहुँदा कार्यक्षेत्रमा अनेकौं समस्याहरू सिर्जना भएका छन्,' डा. सुवेदीले भने–'एक जिल्ला, एक भेटेरिनरी अस्पताल र एक पालिका, एक भेटेरिनरियनको व्यवस्था गरिनुपर्छ।'

अध्यक्ष सुवेदीले नीति निर्माणमा नेपाल भेटेरिनरी एशोसिएसनका विज्ञहरूको सहभागिता सुनिश्चित गर्न, औषधी ऐन र पशु चिकित्सा परिषद् ऐन जस्ता कानुन संशोधन गर्दा विज्ञको राय लिन पनि माग गरे।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८२ चैत २८ गते, शनिबार
तपाईका लागि...



## बिट्विन द लाइन्स्...

तिमी त्यहाँ पुग्नलाई
जहाँ तिमी हिंडेकै छैनौं
तिमी त्यहीं बाटो हिंड्नुपर्छ
जहाँ तिमी हिंडेकै छैनौं ।

– टी.एस. इलियट

('इस्ट कोकर' कविताको अनुदित अंश)

# गैरसरकारी संस्था एक छलफल

**दिगम्बर**

शब्दको सतही शाब्दिक अर्थमा मात्र जाने हो भने गैरसरकारी संस्थाहरू सरकारको सहभागिताविनाका संस्थाहरू हुन् । राज्य आफैमा एउटा सङ्गठित संस्था हो । सरकार राज्यको अङ्ग हो । सरकारको प्रत्यक्ष सहभागिताविनाका धेरै सङ्गठनहरू हाम्रो समाजमा देखिन्छन्, जस्तो - गुठी, सिंचाई गर्नेहरूको सूमह, पुस्तकालय आदि । विशेष गरेर कृषिमा आधारित समाजमा कृषिसँग सम्बन्धित सङ्गठन नै धेरै हुन्छन् । त्यस्ता सङ्गठनहरूको मुख्य विशेषता भनेकै स्थानीयता हो । पूर्वतर्फको १० मौजाको खेतमा सिंचाई गर्नेहरूको एउटा समूह, पश्चिमको अर्को यस्तै-यस्तै । कुलो मर्मत गर्न, बाँध लगाउन तिनीहरू सँगसँगै काम गर्छन् । त्यसको उपलब्धि पनि स्थानीय तवरले नै बाँडिन्छ । यसअर्थमा ती संस्थाहरू आत्मनिर्भर थिए र तिनका उद्देश्य पनि त्यति धेरै थिएनन् । त्यस्तै, समाजमा जाति, थर, गोत्रका आ-आफ्नै सङ्गठन थिए । जस्तै, एउटै थर भएको 'थर भाई' । उक्त थर भाईको काम बिहे, व्रतबन्ध, मर्दा इत्यादि सामाजिक संस्कारमा सहयोग गर्ने थियो । यसरी कृषिप्रधान समाज अथवा भनौं सामन्ती समाजभित्र सानो घेराको आ-आफ्नै आत्मनिर्भर सङ्गठन थियो । शाब्दिक अर्थमा मात्रै जाने हो भने ती सङ्गठन पनि गैरसरकारी संस्था हुन् । तर, आजभोलि प्रचलित गैरसरकारी संस्थाहरू ती संस्थाजस्ता होइनन् । कृषिमा आधारित समाजको रुपान्तरण पूँजीको प्रभावसँगै ती सङ्गठनहरू ध्वस्त प्रायः भए । उदाहरणका लागि हेरौ विवाह भोज आफ्नै थर भाई ले सम्पन्न गर्नुपर्छ, हरेक घरको एक-एक जना आउनुपर्छ, भन्ने पुरानो चलन अन्त्य भइसक्यो । अब त्यसरी भोज वा सामाजिक कामामा जाने युवाहरू अरब, मलेसियातिर पुगिसके भने घरमुलीले मान्छे जान सकेन बरु केही पैसा सहयोग गर्छु भन्छ । पुरानो सम्बन्धको न्यानोपन रेमिट्यान्सकै पैसाले किन नहोस् भताभुङ्ग हुँदैछ ।

यो लेखमा हामीले छलफल गर्न गइरहेको गैरसकारी संस्था विशेष गरेर स्थानीय उत्पादन र आर्थिक सम्बन्धमा निर्भर होइन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लगानीले चलेका संस्थाहरू हुन् । शाब्दिक अर्थले आफ्नो मूल्य हराएको छ । यो लेखमा अब उल्लेख हुने गैससको अर्थ पछिल्लो परिभाषा हुनजान्छ ।

कम्युनिष्ट घोषणापत्रमा एउटा वाक्य उल्लेख गरिएको छ, 'पूँजीपति वर्गको एक हिस्साले पूँजीवादी समाजको अस्तित्व सुदृढ पार्नका लागि सामाजिक कुरीतिहरूलाई खत्तम गर्न चाहन्छ ।' ऐतिहासिक दृष्टिकोणले हेर्दा यही वाक्य नै आजका गैससका वैचारिक स्रोत हुन् । जस्तो कि मिसनरी, धार्मिक संस्थाहरू, मदरटेरेसाको संस्था। इतिहासमा सोभियत सङ्घमा सन् १९२१ को भोकमरीको बेला अमेरिकन रिलिफ एडमिनिस्ट्रेसन भन्ने एनजीओले अन्न, कपडा र औषधिहरू लगभग ५० करोड डलर बराबरको सहयोग गरेको थियो ।

तर दोस्रो विश्व युद्धपछि साम्राज्यवादको रुप पनि फेरिंदै गयो र गैससका काम गर्ने तरिका पनि बदलिए । प्रत्यक्ष सैनिक हस्तक्षेपभन्दा पनि अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैङ्कजस्ता वित्तिय संस्था र कर्पोरेटहरू मार्फत् ऋण र अनुदानको नाममा साम्राज्यवाद अगाडि बढ्दै गयो । यसलाई नव-उपनिवेशवाद भनिन्छ र नवउपनिवेशवादको आर्थिक हतियार नै नवउदारवाद हो । नवउदारवाद भनेको राज्यको भूमिका सीमित गरी निजीकरणलाई प्राथमिकता दिने र अर्थतन्त्रबाट राज्यलाई अलग राख्ने सिद्धान्त हो । नवउदारवादले विश्वव्यापीकरणको नाममा शोषणमा आधारित विश्व व्यवस्था सिर्जना गऱ्यो जसको केन्द्रमा संरा अमेरिका लगायत उत्तर अमेरिकी र उत्तर युरोपेली देशहरु रहे । परिधिका देशहरुबाट श्रम, पूँजी र प्राकृतिक स्रोतको दोहन बढ्न थाल्यो । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्रदत्त ऋण र अनुदानको दबावमा विकासशील र विकासोन्मुख देशहरूले उदारवादी अर्थनीति लागू गर्नुपऱ्यो । जसको कारण बेरोजगारी, महङ्गी र उपभोक्ताप्रति गैरजिम्मेवारीपन बढ्दै गयो ।

गैससहरूको उदय र उभारका पछाडि केही घटनाक्रमहरू छन् । पहिलो, दोस्रो विश्वयुद्धको अन्त्यतिर संसारमा समाजवादी प्रभाव बढ्दो थियो भने राष्ट्रिय मुक्ति आन्दोलनमा तीव्रता देखिँदै थियो । यहि समयमा नै धेरै देशहरू मुक्त भएका छन् । यो सबै घटनाहरूले पूँजीपति वर्गलाई आफ्नो अस्तित्व रक्षा गर्नैपर्ने आवश्यकता आइपऱ्यो । त्यसैले स्थानीय तानाशाहको विरोधमा मानव अधिकार र प्रजातन्त्रको फुस्रो नारा प्रचार गर्न गैससको जरुरत भयो । दोस्रो, सन् १९८० को दशकमा ल्याटिन अमेरिकी देशहरूमा चर्को रुपमा साम्राज्यवादविरोधी आन्दोलन बढ्दै गयो । त्यो विरोधलाई मत्थर पार्न आन्दोलनमा सक्रिय भएकै स्थानीय बुद्धिजीवीलाई सामाजिक विज्ञानको नयाँ अनुसन्धानको ढोंग रच्दै वैचारिक आन्दोलनको विपक्षमा ल्याइयो । त्यसरी आफ्नो पक्षमा ढालिएका बुद्धिजीवीहरूले विदेशी सम्मेलनहरूमा नव-साम्राज्यवादको पक्षपोषण गर्न थाले । तथ्याङ्कमा हेर्ने हो भने सन् १९८० सम्म बोलिभियामा जम्मा १०० वटा गैसस थिए भने सन् १९९२ मा ५३० पुगिसकेका थिए । तेस्रो कर्पोरेटहरूको प्रदूषण, उदारवादको कारण उत्पन्न बेरोजगारी र न्यून तलबका विरुद्ध आन्दोलन अगाडि बढ्दै गयो । बढी तलब र रोजगारको खोजी गर्ने बुद्धिजीवी र प्राज्ञहरूलाई गैसस नोकरी दिने एजेन्सी बन्यो । अर्को तर्फ, आफूले उत्पादन गरेको समस्यालाई छोप्न कर्पोरेटहरूले गैससहरू स्थापना गरे । उदाहरणका लागि सन् १९८० को दशकभन्दा पहिले सार्वजनिक हित विपरीत काम गर्ने निगमहरूले सामुदायिक सङ्गठनहरूको चर्को विरोध खप्नु पऱ्यो । यसबाट जोगिन निगमहरू आफैले नागरिक सङ्गठनहरू निर्माण गर्न थाले । जस्तो कि, बोतल उत्पादन गर्ने कम्पनीहरूले नै अमेरिका सुन्दर राखौं भन्ने संस्था खोल्न प्रायोजन गरे । त्यो संस्थाले सरसफाईसम्बन्धी अभियान चलायो । त्यसको सन्देश के थियो भने उपभोक्ताले नै फोहोर सफा गर्ने हो कम्पनीले होइन ।

गैसस के गर्छन् ?

यहाँ सहजताको लागि गैसस शब्द प्रयोग गरिएको छ तर पाठकलाई गैसससँगै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई पनि बुझ्न अनुरोध छ । गैससका कार्यहरूलाई निम्नानुसार विवेचना गर्नुपर्छ ।

१) गैससले सङ्गठित हुन दिंदैन र वर्ग सङ्घर्षबाट अलग गर्छ ।

समाज विभिन्न जाति, भाषाले बनेको सङ्गठन हो । तर, मार्क्सवादी दृष्टिकोणले समाजमा दुई थरि वर्गमात्र हुन्छन् । उत्पादनका साधनमाथि स्वामित्व भएका र नभएका बीचको सङ्घर्ष नै वर्ग सङ्घर्ष हो । गैससले सशक्तिकरण, राज्यको विरोध, स्वावलम्बन, जनताको शक्ति, लैङ्गिक समानताजस्ता शब्दको व्यापक प्रयोग गर्छन् तर वर्ग सङ्घर्षको कुरै गर्दैनन् । उत्तरआधुनिकतावादलाई सैद्धान्तिक आधार बनाएका गैससहरुले सत्यलाई केवल शाब्दिक व्याख्या र शक्तिका बहुल केन्द्रहरुको वकालत गर्छन् । सामाजिक मुद्दाहरुलाई महिला, दलित, जनजाति, युवा, अल्पसङ्ख्यक आदिको सामाजिक प्रवर्गहरुको निर्माण गरी टुक्राउँछन् । वर्गसङ्घर्ष भनेको केवल आर्थिक प्रश्न मात्र होइन । सबै सामाजिक मुद्दाहरुको समग्र सम्बोधन संरचनात्मक परिवर्तनले हुन्छ । संरचनात्मक परिवर्तन वर्गसङ्घर्ष मार्फत मात्र हुन सक्छ । तर, गैससले सामाजिक मुद्दाहरुलाई टुक्राएर केवल सुधारात्मक आन्दोलनमा सीमित पार्छन् ।

यथार्थमा, गैरसरकारी संस्थाहरू साँच्चै गैरसरकारी होइनन् । तिनीहरू यहाँको सरकारको विरोध गर्छन् तर सात समुद्र पारीको सरकार र उपनिवेशवादी वित्तीय संस्थाबाट चल्छन् ।

२) गैससले परनिर्भरता बढाउँछ

गैससको विकासवादले सशक्तिकरणको नारा लगाए पनि समुदायमा अन्तरनिहित ज्ञानलाई मास्ने र परनिर्भर गराउने काम गर्छ । गैससको शैली नै 'अबुझ' स्थानियलाई 'पश्चिमा' ज्ञान थोपर्ने हुन्छ । गैससले स्थानीयतामा आधारित सम्बन्धलाई भङ्ग गरिदिए । आज कर्णालीमा दिनभरि बाटो खनेर एकछाक चामल लिने तर सिमी उत्पादन हुने, आलु उत्पादन हुने जमिन बाँझो राख्ने धेरै देखिन्छन् । यसको पछाडि गैससको भूमिका छ । नेपालमा २०४६ पछि ह्वात्तै बढेका गैससहरुले काम गरेका क्षेत्रहरुमा परनिर्भरता झन् बढ्दो छ र स्थानिय ज्ञान लोप भइसकेको छ । यसरी गैससले माछा मार्ने तरिका र बल्छी होइन एक छाक माछामात्र दिएर परनिर्भरता बढाइदिएको छ ।

३) गैससले समानान्तर अर्थतन्त्र चलाउँछ

अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले गैससमार्फत कति खर्च गर्छन् त्यसको अनुगमन गर्ने कुनै बन्दोबस्त नै छैन । सरकारलाई छलेर, तर्काएर गैससले बजारमा हस्तक्षेप गर्छन् र समानान्तर अर्थतन्त्र चलाउँछन् ।

४) गैससले स्थानीय सरकारलाई कमजोर पार्छन्

भ्रष्टाचार न्युनिकरणको नाममा होस् वा पैरवी र विकास कार्यक्रमका नाममा होस् गैससले स्थानिय सरकारलाई आत्मनिर्भर बनाउनु भन्दा पनि सुस्त, विलासी र अकर्मण्ड्य बनाउँछ । गैससका महँगा गाडी, ठूलो आकारको तलब भत्ता र कागजी कामको फेहरिस्तले उपलब्धि भन्दा पनि काम देखाउने शैलीमात्र सिकाउँछ । गैससले स्थानीय सरकारहरुलाई सहयोग त गर्छ तर आफ्नै बल-बुद्धिमा उभिने साहस र क्षमताबाट बञ्चित पार्छ । गैससको सहयोग भनेको सानो बच्चालाई धुलोमा लड्न नदिएर काँधमा बोकेर हुर्काए जस्तो हो । बच्चा सुविधामा त हुर्कन्छ तर हिड्न जान्दैन । बोक्ने काँध नहुने दिन धुलोमा पछारिनुको विकल्प हुँदैन ।

५) गैससले नवउपनिवेशवादको सेवा गर्छ

नवउपनिवेशवादको कारण उत्पन्न भएको सङ्कट र समस्यालाई मोड्न कै लागि गैससहरूको जन्म भएको हो । साम्राज्यवादले बम र मलम एकैचोटी फ्याँक्छ । बाहिरबाट हेर्दा झिलिमिली र रमाइलो देखिए पनि गैसस साम्राज्यवादकै गोटी हुन् । नेपालको राजनीतिक मुद्दा र परिवर्तनमा गैससको प्रत्यक्ष र परोक्ष भूमिका स्पष्ट छ । युगोस्लाभाकियामा मिलोसेभिकको पतनमा अमेरिकी एनआइडिको हात रहेको थियो जसले नेपालको संविधान निर्माणदेखि विभिन्न नीति निर्माण र ज्ञान उत्पादनको क्षेत्रमा हस्तक्षेप गरिरहेको छ ।

त्यसैले गैसस केन्द्रीत विकासवाद असफल भइसकेको छ । गैससको विकल्पमा समुदायलाई बलियो बनाउने र उत्तरआधुनिकतावादी टुक्रे सामाजिक आन्दोलनको ठाउँमा वर्गसङ्घर्षलाई नयाँ उचाईमा उठाउने प्रयत्न नै आजको आवश्यकता हो ।

## कविता
## समय दुख्छ यहाँ बाट

**पूर्णविराम**

यो समय चितुवाले चिथोरेको
आभास लिँदै घाउ हेर्दै हिंड्नुपर्ने समय
घाम फर्केको इतिहास
नाङ्गा आँखा लिएर
दुःखी हुँदै पढ्नुपर्ने समय
तिमी आज पनि मेरा आँखामा लुक्यौ
केवल बतास पोखेर
दिन पनि लुक्यो
तिमी पनि लुक्यौ
दुख्छ यो समय यहाँबाट
अलिकति टाढाको ओछ्यान सम्झिँदा
भोक जति टकटक्याए पनि
जानै नमानेको यो समय
दुख्छ यहाँबाट पनि यो समय ।

प्वाँखहरूलाई एउटा न्यानो
गुफा दिन नसकेको समय
मानिसका बगलीहरूमा
विश्वास राखिदिन असमर्थ भइरहेको समय
प्रेमपूर्वक चलाउने
अधिकारभित्रको कपालमा
एक थुँगा फूल सिउरिन नसकेको समय
दुख्छ, यो समय दुख्छ
यहाँबाट पनि दुख्छ ।

ताजा घाउ पस्किन
मसँगसँगै आउन लागिरहेछ
एउटा समय सधैँको जस्तो
कसैले उपहार दिएको
पुरानो घडीको सुईबाट
 कतिओटा सूर्य डुबे
घाम बाँड्न नसकेको कुरा सम्झिँदा
दुख्छ यो समय पनि ।

नीला मानिसहरूले
समयलाई अवलोकन
गरिरहँदा
यहाँबाट पनि यो समय दुख्छ
रगतको पसल थापेर
सुतिरहेको सडक हेर्दा
सडकले दुखाउँछ, समय दुख्छ
मात्र निद्राका लागि
धूलाहरू जम्मा पारेकोमा
त्यो समय पनि दुख्छ
यो समय पनि दुख्छ यहाँबाट
सानो झरीले पनि निभाउने
गरी फुकेको आगो यो समयभित्र दुख्छ
राहदानी लिएर बिदेसिएको
वसन्तलाई सम्झिँदा
वसन्त पनि दुख्छ
समय पनि दुख्छ ।

आफ्ना नङहरूले कोतरेर
सहरका सालिकहरूका पोसाकहरू
धुजा-धुजा पार्न सक्दिनँ
समय दुख्छ असमर्थ पिँजराभित्रबाट
आफ्नो मुखको बतास फुकेर
उडाउन सक्दिनँ एउटा बाज र
त्यसको आफलताफल बचेराहरू
सक्दिनँ, समय दुख्छ ।
खाली पेट दुख्छ
यहाँबाट पेटसँगसँगै
समय पनि दुख्छ ।

समयले दुखाउँदादुखाउँदै
प्वाँखहरू रोएका स्वरहरू
मैले सुनिनँ भने
हतकडी र नेलका इतिहासहरू
मेरा आँखाले सिंहावलोकन गरेनन् भने
मछेउ उभिएको सहिद हुन लागेको
मानिसको प्राथमिक उपचार
मैले गर्न सकिनँ भने
मलाई केही नभन्नू
कसैले केही नभन्नू
मैले भनेकै छु
भनिसकेकै छु, समय दुख्छ
यहाँबाट पनि समय दुख्छ ।
बाजका झुन्डहरूले
एउटा मानिसलाई
लखेटिरहेको बेलामा
मैले आफूलाई कन्याउन
बिर्सेको पनि हुन सक्छु
र चुपचाप अत्याचार हेर्ने मात्र
हेरिरहेको आँखा लिइरहेको हुन सक्छु
मैले त्यो थाकेको मानिसलाई
आफ्नो झुत्रो ओढनीभित्र लुकाएर
आफ्नो काखभित्र शरणार्थी शिविर
खडा गर्न सकिनँ भने
मलाई कसैले केही नभन्नू
म पनि अहिलेजस्तो
भन्दिनँ– समय दुख्छ
यहाँबाट पनि समय दुख्छ ।

# पात्र संसार

**लक्ष्मण श्रेष्ठ**

चिया पिउनुभो ? मुख धुनु भो ? पारी क्षितिजतिर आफ्नै अनुहार खोज्नुभो ? जहाँ जे जस्तो अवस्थामा हनुहुन्छ । लौ तयार हुनुहोस् । म आज तपाईलाई कतै लैजान्छु । हिंड्नोस् मसँगै ।

नीलै फुलेका शिरिषका फूलहरुको माझबाट हामी एउटा क्याफेमा पुग्छौं । बडो गजबले सजाइएको छ यो क्याफेलाई । वरिपरि निला शिरिषका फूलहरु । अनि गेटबाट पर्खालहरुसम्म लहरा लागेका सुनगाभा । आँगनमा पारिजात, जसका फूलहरु खसेका थिए बिहानै । तर टिपिएका छैनन् अझैपनि । गेटबाट छिर्नासाथ हामी पुग्छौं त्यहीं । जहाँ मान्छेहरुको जमघट छ । अलि मधुरो बत्ती छ । यहाँको विशेषता । सबै अनुहा- त्यहाँ  परिचितजस्तो लाग्छ । तपाईलाई पर्दामा कोरिएको चित्रजस्तै लाग्यो होइन ? विश्वास गर्नोस्, यो पुरै यथार्थ हो । टिमिक्क परेको सुरुवालमाथि उस्तै खुइलिएको दौरा र कोट भिरेको । शिरमा ढाकाटोपी लगाएर झोंक्राइरहेको  अनुहार देख्नुभो ? ठ्याक्कै विपि कोइरालाको दोषी चस्मा कथाको पात्र केशवराज जस्तै हगि ? अनि मातेर बड्बडाइरहेको वैरागी काँइलाको कविताको पात्रजस्तै है ? लौ तपाई त टोलाउन पो थाल्नुभो । कस्तो सुन्दर जोडी है त्यहाँनेर गफिइरहेको ? ध.च. गोतामेको उपन्यासका पवन र ..... नी । सबै परिचित अनुहार हगि । भनेकै त थिएँ मैले तपाईलाई अजिबको संसारमा लैजाँदैछु । लौ हाम्रा आँखा बाँया कुनाको मेचमा पुगेर अडिन्छन् । दुइटी ठिटी गफिँदै छन् त्यहाँ । पहेंलो केश छोट्याएर काटेकी लिखुरीलाई चिन्नु भो ? देखेदेखेजस्तो लाग्यो नी ? लौ निधार गाँठो पार्नुभो त ? ए, सोंच्नुभएको ? लौ ठिक भन्नुभो ? तपाईंको स्मरणशक्ति पनि मानें बा । ठ्याक्कै पार्नुभो- बरी त हो ऊ, सकमबरी । पारिजातको 'शिरिषको फूल'की नायिका । 'ऊ त मरेकी थिई' यहीं भन्न खोज्नुभएको हैन ? महाशय ! समयको ग्राफमा जीवन र मृत्यु विन्दुहरुमात्र हुन् । तपाई समयसँगै होइन समयलाई नाघेर दौडनुस् । बल्ल पो मजा आउँछ भोग्नुको । महसुस गर्नुको । अनुभुती गर्नुको । प्रकाशभन्दा छिटो कल्पनाको यान छिटो चल्छ । त्यहीं यानमा छौं तपाई हामी । तपाईको तर्कलाई क्याल्कुलेटरमा थन्काउनोस् । सकम्बरीसँगै गफिएकी मंगोल केटीलाई चिन्नुभो त ? आफै भनिहाल्छु है त ? सुवानी । 'अनिदो पहाडसँगै'की पात्र सुवानी । मित्र हामी यतिबेला क्यारेक्टर डि क्याफेमा छौं । नभुल्नोस् ।

.....                    ....                    ....

झाँझरहरुमा बलिरहेका सोडियम लाइटको पहेंलो उज्यालो । यत्रतत्र आफ्नै तालमा हिंडिरहेका पात्रहरु । तपाईं यहीं भेट्न सक्नुहुन्छ म्याक्सिम गोर्कीको 'आमा' उपन्यासका साशा र पाभेललाई । लक्ष्मीप्रसाद देवकोटाका मुना र मदन यहीं आएर भेट भएका छन् । बालकृष्ण समको मुकुन्द अहिले माफी माग्दैछ इन्दिरासँग । यहीं छ दोस्तोवस्कीको पात्र रस्कोलनिकोव पनि । लियो टोल्सटोयको कथा 'क्रुजर सनेट'मा आफ्नी श्रीमतिको हत्या गर्ने पुरुष पात्र विवाह संस्थाको ध"ी उडाउँदै गरेको देख्नुभएन ?

तपाई यहीं हुनुहुन्छ तर तपाईका विचार र प्रतिक्रियाहरु यहाँ सुनिंदैनन् । ठ्याक्कै थ्रि डि फिल्म हेरेजस्तो । थाहा छैन कत्तिबेला हामी त्यहीं बायाँ कुनाको टेबलनेर पुगिसकेका छौं । बरी र सुवानी गफ चुट्दैछन् । बरी उस्तै छे । हातमा चुरोट समातिरहिछे । सुवानीको मुहारमा भने जीवनको रंग उस्तै गरी रंगिररहेछ ।

अँ, हामी त्यहीं टेबलको छेउमा पुगिसकेका छौं । सुवानी र बरी तात्तातो छलफलमा छन् । उनीहरु सायद आफ्नो बितेको जीवन सम्झिँदैछन् ।

"संसारको क्यानभासमा जिन्दगी केही पनि होइन सुवानी । तिमी किन मऱ्यौ ? यहीं सोध्दैछौ होइन ? जीवनमा मर्नु ठूलो कुरा होइन बुझ्यौ ? जब जीवनको निस्सारतादेखि म थाकें । मरिदिएँ ।" बोली बरी । चुरोटको लामो सर्को तानी र सिलिंगतिर फर्काई आफ्ना आँखाहरु ।

हतारमा देखिन्थि सुवानी । सायद अझै पनि पर्चा छर्न जानुपर्ने हतारमा थिई ऊ । स्वाट्ट एकै घुट्कोमा रित्ताई चियाको गिलास । भनी, "बरी जीवन धेरैथोक हो बुझ्यौ ? धेरैथोक । तिमीले जहाँ निस्सारता भेट्टाउँछ्यौ नी त्यहींनेर जिन्दगीले संसारको क्यानभासमा धेरै चित्र कोरिसकेको हुन्छ । तिमी बुझ्ने कोशिस गर बरी ।"

बुझ्नु भो नी ?  जीवनबारे छलफल गर्दैछन् उनीहरु । बरी अर्थात् त्यही युवती जो मरी सुयोगविरको एक चुम्बनमा । सुवानी अर्थात् त्यही विद्यार्थी नेता जो होमिएकी थिई आन्दोलनमा । एकजना पञ्चेको छोराले बलात्कार गरेको थियो उसलाई । तर पनि हरेश खाइन उसले । पछि संघर्षकै क्रममा मारिई ऊ प्रहरी प्रशासनको हातबाट जंगलमा । मृत्युपछिको यो क्षणमा उनीहरु जीवनबारे छलफल गर्दैछन् ।

"सब मिथ्या हो सुवानी । सब मिथ्या । आखिर के हो र जीवन ? एउटा घटना न हो । बस् एउटा इभेन्ट । अनि मृत्यु पनि त अर्को घटना हो । दुवै तिम्रो चाहनावश हुँदैनन् । न तिमि चाहनाले जन्मिन्छौ । न चाहनाले नै मर्छौ । मलाई जीवनको कुनै लगाव छैन सुवानी । बस् म बाँचिदिन्छु । जीवनसँग कुनै लिनुदिनु छैन । म नहुँदा पनि यो संसार चलेको छ । म मरेको अर्कोदिन पनि चलिरहन्छ । तिमिलाई लाग्दो हो तिम्रो अस्तित्वले निकै प्रभाव पार्छ । होइन सुवानी होइन । कसैलाई केही फरक पर्दैन । देखिनौ म मरेपछि पनि शिवराज मरेन । अलिकति पेगको मात्रा बढायो त्यत्ति न हो ।" एक झोंकमा सबथोक पोखी सकमबरीले । अनि फेरी सल्काई अर्को चुरोट । चुरोट च्याप्दाच्याप्दा निलोतुथो जस्तै निला भइसकेका थिए उसका ओंठहरु ।

हैरान भई सुवानी । सोंची धेरैबेरसम्म । टेबलमा आइपुग्यो चियाको अर्को कप । तात्तातो चिया घुट्क्याई  । मुसुक्क हाँसी । र भनी, "तिमी किन यत्ति निस्सार छौ बरी ? जीवन केही होइन है तिम्रोलागि ? होइन बरी तिमी गलत छौ । जीवन धेरैथोक हो । बुझ्यौ धेरैथोक । र, यो अस्तित्व छ नी ? जीवनको शृंखला हो । तिमी जन्मिन्छ्यौ । र मर्नेछ्यौ कुनैदिन । जीवन र मृत्यु यी दुई विन्दुको बिचमा समयको जुन मैदान छ त्यसले अर्को जीवनको विजारोपण गरेको हुन्छ । र त्यहीं जिन्दगीको मैदानमा हामीले सुखद भविष्यको निम्ति संघर्षको फूल रोप्छौं ।"

"यो सब बकवास हो सुवानी । सब बकवास । अस्तित्वको नक्सामा तिम्रो अभिलेख त्यति नै बेला मेटियो जतिबेला तिम्रो बाँच्नुको प्रमाण सकियो । तिम्रो शरीर चल्न थाल्यो ।" बरीले जवाफ दिई ।

"जिन्दगी बकवास हुनैसक्दैन बरी । तिमीले जिन्दगी जिउन जानिनौ । यो भन्दैमा जिन्दगी बकवास हुँदैन बुझ्यौ ? तिमी भाग्यौ जिन्दगीदेखि । चुरोटको सर्कोमा सक्काउन खोज्यौ । तिमीलाई लागेको थियो चुरोट खाएरै सकिदिन्छु जिन्दगी । तर भएन । सानो हुरीको झोंक्काले तिम्रो जिन्दगी सकिदियो । तिमी आफैभित्र खुम्चेर मऱ्यौ । उफ् कति कमजोर जिन्दगी । कति झिनो अस्तित्व तिम्रो ।" सुवानी टिठाई ।

बरी केही बोलिन । चुपचाप चुरोटको खिल्ली सक्काइरही । वायुमण्डलमा उसले छोडेको धुँवा रंग्मगिन थाल्यो ।

समयको सानो अन्तरालपछि बोली ऊ । "तिमी एउटै कुरा दोहोऱ्याएर बाँचिरहनुलाई जिन्दगी भन्छौ ।  तर सुवानी जब जीवन सिसिफसको नियती भोग्छ । बाँच्नु सबैभन्दा कठिन बन्छ । फरक यत्ति हो तिमिले संघर्षको खोल ओढेर बाँच्नुको अर्थ खोज्यौ । म बस् बाँचिदिएँ । तर सब नाटक हो । जुन दिन तिमी मऱ्यौ त्यहींदिनदेखी तिम्रो नाटकको पनि पर्दा खस्यो ।"

सुवानी अचम्मै परी । एकटकले हेरी बरीको अराजक अनुहारमा ।

"उफ् ! तिमी कति निस्सार छ्यौ बरी । तर बरी तिमिले कहिल्यै पनि आफू बाहिरको संसार नियालेर हेरिनौ । हो, तिमिलाई कहिल्यै अभाव महसुस भएन । बिहान बेलुकाको छाकका लागि सातपटब सोंच्नुपरेन । तर थाहा छ तिमिलाई ? जतिबेला सुयोगविरको जाँबो एउटा चुम्बनले तिमि मर्दैथियौ त्यही संसारमा हजारौं केटीहरु बलात्कारको पिडा भोगेर पनि जीवन संघर्ष गर्दैथिए ।"

"मलाई अचम्म लाग्छ सुवानी तिम्रो जीवन देखेर । तिमी जीवनको कुरा गर्छ्यौ । संघर्षको ठूलो ठूलो कुरा गर्छ्यौ । तर सुवानी तिमी पनि त खुम्चिएको जिन्दगी बाँच्यौ । होइनभने किन तिमिले जिएमलाई भनिनौ मन पराउँछु भनेर ?" प्रश्नको झटारो हानी बरीले ।

मुसुक्क मुस्काई सुवानी । अचानक उसका आँखा रसाए । फेरी  बोली ऊ, "जब जिन्दगी एउटा महान् लक्ष्यसँग हराउँछ तब स-साना अनुभूतिको अर्थ हराउँछ बरी ।"

"स्पष्ट भन न जीवनको खोजमा जीवनबोध हराउँछ ।" तर्क गरी बरीले, "त्यसैले त भनेको जिन्दगी निस्सार हो । बढी केही गर्छ्यौ भने बाँच्ने बहाना भन्दा अरु केही गर्दैनौं ।"

"त्यो त पलायन हो बरी । पलायन । ओइलाएर झर्ने फूल त फुल्छ भने....। हुन त तिमी फुल पनि भँवरासँग लाप्पा खेल्नुहुँदैन भन्छ्यौ । तर तिमिलाई ख्याल छ बरी ? जहाँ फूल झर्छ त्यहीं अर्को जीवन शुरु हुन्छ ।" सुवानीले कोट्याई ।

"फेरी तिमि त्यहीं फूल र जीवनको कुरा गऱ्यौ बरी । सुयोगवीर पनि जीवनलाई फूल भन्थ्यो । भँवरासँग लाप्पा खेल्नैपर्ने रे उसलाई । " पुरानो कुरा सम्झिई बरीले । एकपटक सुयोगविरले भेटेको थियो उसलाई बगैंचामा जहाँ बरी सुनगाभा देखाउँदै थिई ।

» बाँकी ३ पेजमा

# प्रेमपत्रमा कविताहरू

*प्रिय आँचल*

*मधुर सम्झना।*

सुनसान रात छ। सिएफएल चीमको मधुर प्रकाशले कोठामा उज्यालो छरिरहेछ। वुफरमा मधुर संगीत बजिरहेछ। तिमीलाई थाहै छ म त्यहि कुर्सीमा छु र त्यहि टेबलमा लेखिरहेछु जसरी हामीलेसँगै ती क्षणहरू बिताउँथ्यौं। एउटा कुराको अपुग छ। त्यो हो तिमी छैनौ। तर, एउटा कुरा थपिएको छ। त्यो हो तिम्रो सम्झना।

साँच्चै, सम्झना नआइदिने थियो भने कति कठोर र निर्दयी बनिदिन्थ्यो होला मान्छे। सम्झनाले नै मान्छेलाई एक्लोपनाबाट टाढा लग्छ र उदासीबाट मुक्त गराउँछ। म पनि तिम्रो सम्झनाले ग्रसित छु। शायद तिमी पनि। तिमी यतिबेला के गरिरहेछौ ? म अनुमान गर्छु, यो जुनेली रातमा तिमी उसैगरी सुन्दर कविताहरू पाठ गरिरहेछौ। शायद तिमीले अनुमान गरिरहेकी हौली, म पनि कविताहरू पाठ गरिरहेछु। टेबलभरी कविताका पुस्तकहरू छरिएका छन्। छानी-छानी दोहोऱ्याइरहेछु। घरी मन-मनै पढ्छु, चित्त बुझ्दैन लयमा वाचन गर्ने कोशिस गर्छु। हरेक हरफ पढ्दा कानमा तिम्रो आवाज गुञ्जन्छ। कति मधुरताका साथ, कति डुबेर, हृदयले वाचन गर्थ्यौ तिमी। तिमीले कविता वाचनगर्दा लाग्थ्यो सारा संसार बिर्सेर डुबेकी छ्यौ कविताको गहिराईमा। सानो अवरोधले पनि तिम्रो एकाग्रता भंग हुने डरले सास पनि विस्तारै फेर्थें म। आज तिमी मबाट धेरै टाढा छौ तर ती क्षण, तिम्रो आवाज मेरो आँखामा झल्झली आइरहेछ। यो पत्रमा म तिनै कविताहरूबारे चर्चा गर्न खोजिरहेछु। जुन हामीले पटक-पटक पाठ गर्थ्यौं। जसका हरफहरूलाई तिम्रा वाचनहरूले धुन दिन्थें, शृंगार गरिदिन्थें।

हरिभक्त कटुवालको 'बदनाम मेरा यी आँखाहरू'बाट सापट लिन्छु है शुरुमा।

"तिमी मेरो आँखाहरूमा फूल भई फुलिछौ
बसिराख है आँखामा
तिमी मेरो भाकामा गीत बनिसकिछौ
बसिराख है भाकामा
बिरानो यो जिन्दगीमा केही भेटे-भेटे जस्तो
बसिराख है साथमा।"

अनि अर्को पनि छ :

"पोखिएर घामको झुल्को भरि संघारमा
तिम्रो जिन्दगीको ढोका खोलूँ-खोलूँ लाग्छ है
कति-कति आँखाहरू बाटो छेक्न आउँछन्,
परेलीमा बास माग्न कति आँखा धाउँछन्।
यत्ति धेरै मानिसका यत्ति धेरै आँखाहरू
मलाई भने तिम्रै आँखा रोजूँ-रोजूँ लाग्छ है.....

ओहो ! कति सुन्दर कविता। कति सुन्दर विम्ब ! के मेरै यथार्थ लेखिदिएको हो हरिभक्तले ?

अनि अर्कोतर्फ प्रश्न जस्तो वाचा गरिदिन्छन् :

"मेरो यो गीतमा जुन मुर्च्छना छ
त्यो तिमी होइनौ को भन्न सक्छ ?
एउटै छ धरती, आकाश एउटै
एउटै छ उच्छ्वास, चाहना एउटै
तरङ्ग धेरै विक्षिप्त मनमा
आँखाले मात्र को गन्न सक्छ ?
तिमी हात देउ, म प्रीत दिन्छु
तिमी आँट देऊ, म जीत दिन्छु
रहर-कुदेका पाइलाहरूलाई
बन्धनको सागर को खन्न सक्छ ?"

पछिल्लो दुई पंक्तिमा कति उत्कृष्ट विम्ब है ? हो त, विशाल देखिने सागर-महासागरको पनि बन्धन हुन्छ। बन्धन त ती पाइलाको हुँदैन जो रहर कुदिरहेछन्। म झनै थप्न चाहन्छु, बन्धन तिनको हुँदैन जो स्वतन्त्रता कुदिरहेछन्, स्वाधिनता खोजिरहेछन्, एक महान उद्देश्य कुदिरहेछन्।

मलाई यतिबेला सर्वेश्वरदयाल सक्सेनाको कविता सम्झना भयो, हामीले सँगै पढेका थियौं नि। उनी भन्छन् नि :

"सामर्थ्य छ भने पहाड पनि ढोकाबाट छिर्नसक्छ"

सक्सेना प्रश्न गर्छन,

"शक्ति यदि सिमित छ भने
हरेक चीज अशक्त पनि छ
हातहरू छोटा छन् भने
सागर पनि त बाँधिएको"

अनि निष्कर्ष दिन्छन्,

"सामर्थ्य नै इच्छाशक्तिको अर्को नाम हो"

अनि बडो आत्मविश्वासले घोषणा गरिदिन्छन्

"जीवन र मृत्युको बीचमा जुन मैदान छ
त्यो कुनै नियतिको होइन- मेरो हो"

सक्सेनाको यो घोषणा के हामी पनि दोहोऱ्याउन सक्छौं ?

के हामी पनि उसैगरी आत्मविश्वासका साथ भन्न सक्छौं कुनै भाग्य वा नियति होइन हाम्रो जीवन भनेर ??

म फेरि कटुवालतिर फर्कन्छु। उही संग्रहमा अर्को एउटा गीत छ। कवि अति भावुक, कोमल र विनम्र भएर भनिदिन्छन्,

"आँसुले मेरो त्यो पीर तिम्रो पखाल्न सक्दो हो
म रुने थिएँ, आँसुकै एउटा सागर जम्दो हो।
.........
सके त तिमी रोएको बेला म पनि रोइदिन्थें
मुटुमा तिम्रो चर्केको घाउ आँसुले धोइदिन्थें।
म भरिदिन्थें सपना मिठो उदास आँखामा
म छरिदिन्थें उज्यालो घाम अँध्यारो पाखामा।"

कति मार्मिक शब्दहरू ! 'प्रेम कविता' भन्नासाथ हामी वियोग र रुवाबासी मात्र सम्झन्छौं। प्रायः प्रेम सम्बन्धि गीतहरू त्यस्तै छन्। अझ 'निष्ठुरी', 'बेइमानी' जस्ता गालीका उपाधिले भरिएका छन्। तर, यो कविता फरक छ। यसमा 'चाहना' र 'माग' होइन समर्पण, त्याग र समभाव छ।

साँचो प्रेम आग्रह र चाहनामा होइन त्याग र समर्पणमा खुल्छ। चाहना र मागले प्रेम होइन स्वार्थ जन्माउँछ। यदि चाहना पूर्ति भएन भने क्षोभ र बदलाभाव पैदा हुन्छ। क्षोभ र बदलाभावले प्रेमलाई प्रतिस्थापन गर्छ। हो, चाहनामा स्वार्थमात्र जन्मन्छ। अनि, स्वार्थ र प्रेम जन्मजात शत्रु हुन्। ती एक अर्काका विपरीत हुन्। हामी अझै साँचो प्रेम गर्न जान्दैनौं। हामीमा केही आग्रह लुकेको हुन्छ। केही चाहना छिपेको हुन्छ।

प्रेमबारे चर्चा गर्दागर्दै मलाई अजम्बरध्वज खातीको कवितांश जोड्न मन लाग्यो। खाती भन्छन्,

"हाँस्नलाई माया लगाउनेहरू
एकछिनलाई हाँसो हाँसेर रुन्छन्
बाँच्नलाई माया लगाउनेहरू
जिन्दगीभरि हाँसेर बाँच्छन्।"

कति यथार्थ बोलिदिए खातीले। के उनको प्रश्न जायज छैन ? आखिर माया केका लागि हो ? क्षणिक खुसीको लागि गरिने माया त सिनेमाको माया मात्र हो यथार्थ जीवनको होइन।

यी कविताका पंक्तिहरू कोट्याउँदा मलाई त्यो बहसको सम्झना भइरहेछ। एक साँझ साहित्य गोष्ठी पछि तिमीले गम्भिर प्रश्न गरेकी थियौ। कटुवालहरूको स्थान कहाँ छ भनेर। अनि, प्रेमसँग सम्बन्धित कविताबारे कति लामो बहस भएको थियो। नेपाली मुलको भारतीय कवि कटुवाल जस्तो रोमान्टिक कवितालाई प्रतिनिधी बनाएर कति गम्भिर छलफल भएको थियो त्यतिबेला। पक्कै पनि, कटुवाल जस्ता कविताबाट हामीले प्रगतिशिल कविबाट जस्तो अपेक्षा गर्न सक्दैनौं। तर, जीवन त अनेक आयामको जोड हो। जीवनमा संघर्ष र आन्दोलनमात्र हुँदैन। प्रेम र आत्मियता पनि हुन्छ। आवेग र क्रोध मात्रै होइन आँसु र हाँसो पनि हुन्छ। पक्कै पनि संघर्षको आँधीमा फक्रिएको सुन्दर गुलाफ सबैभन्दा मोहक र प्रिय हुन्छ। टेबलमा सजाइने सुन्दर गुलाफ एकैछिनको शोभा हो जसमा धुलो लाग्छ। तर, खुला वातावरणको गुलाफको धुलो बतासले नै उडाउँछ। झरीले नै बगाउँछ। कटुवाल जस्ता कविहरू त्याज्य छैनन्। कला आफैमा त्याज्य छैन। जबसम्म कुनै कला अमानवयीताको हतियार बन्दैन तबसम्म त्यो त्याज्य छैन। कटुवाल जस्ता कविहरू जीवनको नियमित साथी होइनन्। हामी उनीहरूलाई बोकेर हिंड्न सक्दैनौ तर ती त्यस्ता धुन हुन् जुन बेला-बेलामा जिन्दगीको संगीतमा मिठास बनेर आउँछन् र शोभा दिन्छन्, लय भर्छन। ती टाँसिएका हुँदैनन् तर छेउछाउमा हुन्छन्। समय र परिवेशले पनि कत्ति कुरा निर्णय गर्छ। पक्कै पनि आन्दोलनको मोर्चामा हामी कटुवाल पाठ गर्न सक्दैनौं। हामीलाई रिमालकै 'एक युगमा एक दिन' चाहिन्छ। जीवन बहुरंगी छ। बहुरंगी जीवनमा एक रंगको मात्र खोजी निरश यात्रा हो। जीवनको हत्या हो।

उसो त प्रेमलाई अर्को कोणबाट पनि लेखिन सकिदो रहेछ। रिमालले पनि त्यस्तै लेखेका छन्। 'आमाको सपना' संग्रहको अन्तिम कविता 'सान्त्वना' हामी पटक-पटक पढ्थ्यौं। यहाँ पनि थोरै उधृत गर्छु। योद्धाको प्रेमिकालाई रिमाल अनुरोध गर्छन् :

"भनिदेऊ
म हारेको अनुहार हेर्दिनँ,
लडाईंबाट पीठ फर्काउनेको निमिति
मेरो घरको दैलो खुल्दैन,
मेरो अंगालोको हार हार्नेको निम्ति होइन
मेरो जयमाला विजेताको निम्ति हो।
भनिदेउ, नडराऊ
हाम्रो शीर ठाडो हुन नदिने अत्याचारको विरुद्ध
हामीलाई बोल्नै नदिने गरिबीको विरुद्ध
हामीलाई बोल्नै नदिने गरिबीको विरुद्ध,
हामीलाई केही थाहै नदिने अज्ञानताको विरुद्ध
कम्मर कसेर लडिरहेछ,
जीत उसैको हुन्छ।
भनिदेऊ,
हो, तिमी उसैको शक्ति भयौ,
जित उसैको हुन्छ।"

आँचल, कटुवाल र रिमालको हेर्ने आँखामा कति फरक। हो, कवितामा चाहना, अनुरोध छ। तर त्यो आग्रह व्यक्तिगत स्वार्थको लागि होइन। रिमालको 'प्रेमिका' प्रेमको नेलले योद्धाको खुट्टा बाँध्दैनिन् बरु त्यागको अपर्णले विरता र बलिदानी भावना बढाइदिन्छिन्। महान उद्देश्यको निम्ति मर्न तयार गराउँछिन्। दुई दिनको फुस्रो जिन्दगीको लागि शीर झुकाउन तयार छैनिन्। साँचोमा, आज हामीलाई रिमालकै प्रेमिका चाहिएको छ। प्रेमको क्षणिक सुखको लागि 'संसार' त्यागेर छुट्टै स्वर्गको खोजी हामीलाई स्वीकार्य छैन। त्यस्तै, समाजभन्दा परको प्रेम त चियापत्ती बिनाको चिया जस्तै हुन्छ।

प्रेमबारे चर्चा गर्दा हामीले भन्ने गर्थ्यौं। याङ्ग मोको 'युवाहरूको गीत' अथवा गोर्कीको 'आमा' मा हामी प्रेम प्रसंगका क्षणहरूलाई मुसारेर पढ्छौं। शायद, यो हाम्रो उमेर भावनाको प्रतिफल पनि हो। अनि हामी जुन समाजको निर्माण गर्न चाहन्छौं त्यो प्रेमविहिन घृणाले भरिएको समाज पनि त होइन। हामी चोखो प्रेम, माया र आत्मियताले भरिएको समाज निर्माण गर्न चाहन्छौं। आजको पूँजीवादी समाजमा प्रेमलाई पैसाको मोहले अवरोध गर्छ। दाजु-भाइ-दिदी, बहिनी, आफन्त र प्रियतमबीच प्रेम र आत्मियताका लहरहरूलाई सम्पत्तिको बाँधले छेकेको छ। निजी सम्पत्तिको अन्त्य हुने समाजमा दाजु-भाइ, दिदी-बहिनी, आमा-बाबु, सन्तान, प्रेमी-प्रेमिकाबीचको प्रेम, आत्मियता र ममतामा कति चोखोपन हुन्छ होला। त्यहाँ पैसाको लोभी बाँध हिउँजस्तै पग्लिनेछ। त्यसैले आँचल,पैसालाई मतलब नगर्ने समाजमा मात्र साँचो प्रेम हुर्कन्छ होला।

कविताबारे चर्चा गरिरहंदा मलाई प्रेमको विषयभन्दा फरक खालका कविता पनि उल्लेख गर्न मन लाग्यो। शहीद गंगालालको यो कविताशं तिमीले आफ्नो कोठामा टाँसेकी छौ नि होइन !

'किन डँरु मृत्युदेखि मर्न कम्मर कसेको
हुँ एक तीर पुत्र, वीर माँ नेपालको ॥'

आखिर यी तिनै शहीद हुन् जसले आफ्नो बुबालाई घर छोड्दा पत्रमा लेखका थिए- "म तपाईंको मात्र छोरो हुन सकिन। म देशको छोरो हुन घर छोड्दैछु।" यी देशका छोराको नाम मात्र उच्चारण गर्दा पनि ममा एक फरक भावना उर्लिन्छ। श्रद्धा र सम्मानले म मौन हुन्छु। शीर झुक्छ। फेरि आफैलाई प्रश्न गर्छु, म केवल प्रशंसा गरिरहेछु वा उनको बाटोको अनुसरण पनि। आज हामीलाई गंगालालको जस्तो आँटिलो हृदय चाहिएको छ।

जीवनको साँचो अर्थ खोज्ने क्रममा ऋषिराम भुसालका यी कवितांश पनि कम शक्तिशाली छैनन्। भुसाल भन्छन्-

'यो संसार असार हैन, यसमा छन् सिर्जनाका मुना
आएको म त ह्वैन आँसुहरूले यो जिन्दगानी धुन
मेरो भित्र छ एक अग्निकण यो ज्वाला बनाइकिन
न्यानो पार्नुछ, ज्योती छर्नुछ यहाँ संघर्ष हो जीवन।'

कविता त जीवन यात्राको प्रतिबिम्ब रहेछ। कविता जीवनका आयामहरूको अभिव्यक्ति रहेछ। कतै हामी प्रेमका भावुक पंक्ति भेट्छौं। कतै आक्रोशका पीरा उद्वेगहरू। कतै दर्शनले घोलिएका शब्द पढ्छौं कतै  जीवन चर्चाका सरल चित्रण। कविता भन्दा पर कसैको पनि जीवन छैन। यदि छ नै भने त्यस्तो जीवन जस्तो बेकार, अप्रिय र नीरस संसारमा अर्को थोक हुने छैन। कविताको गुरुत्व कति बलियो छ भन्ने एक उदाहरण दार्शनिक मार्क्सको यो कवितांश पनि हो।

'आऊ !
हामी कसैले नहिंडेको र कठिन सुदुर यात्रा गरौं।
आऊ, किनभने लाजमर्दो, निरुद्देश्य र लक्ष्यहीन जीवन हामीलाई स्वीकार्य छैन।
हामी उँघदै, कलम घोट्दै, उत्पीडन र लाचारीमा बाँच्दैनौं
हामी आकांक्षा, आक्रोश, आवेग र अभिमानका साथ
साँच्चिको मानिस भएर जिउँदछौं।'

कविताबारे मेरो यो चर्चा पढ्दा शायद तिमीले धेरै-धेरै कवि र कविता सम्झन्छौं होली। शेली र वड्सर्वर्थ मात्र होइन लेखनाथ र देवकोटा पनि सम्झिने छौं होला। त्यस्तै रविन्द्रनाथ टेगारेको 'जहाँ मन डरभन्दा पर हुन्छ।' र विजय मल्लको 'छोरीलाई मानचित्र पढाउँदा' जस्ता मानवतावादी कविता पनि तिम्रो मनमा पक्कै आउँछन् होला।

अर्कोतर्फ तिमी हुरी जस्तो शब्द कोर्ने मयाकोब्स्की र राजनीतिक लेख, दस्तावेज लेख्दा-लेख्दै कविताका लयमा हाम फाल्ने माओत्सेतुङ्ग पनि बिर्सन्नौं। आखिर माओको यो कवितांश तिमीलाई कत्ति प्रिय छ भन्न मलाई थाहा छ,

'अप्ठ्यारो भन्ने छैन संसारमा कुनै
यदि उचाईलाई नाघ्ने साहस छ भने।'

अनि, हामी अवतारसिंह पासका यी कवितांश कति दोहोऱ्याउथ्यौं

सबैभन्दा खतरनाक हुन्छ, मुर्दा शान्तिले भरिनु
चुपचाप..
सबैभन्दा खतरनाक हुन्छ
हाम्रा सपनाहरूको मृत्यु हुनु

केही दिन अघि मैले कविता पढे वासु शशीको। कवितांश यस्तो छः-

'मानिस अन्धो हुन्छ आँखा फुटेर होइन, अध्याँरो भएर होइन, सपना देख्न छोडेर'

अर्कोतर्फ नजिम हिक्मतका यी कवितांश पनि हामी दुवैको लागि उत्तिकै प्रिय छ

"सबैभन्दा आकर्षक समुद्र हो त्यो
जसलाई हामीमध्ये कसैले आजसम्म देखेको छैन।
विश्वको सबैभन्दा सुन्दर बालक हो त्यो
जसले यस पृथ्वीमा अहिलेसम्म पाइलो टेकाएको छैन।
सबैभन्दा मनमोहक दिनहरू हुन ती
हाम्रो जीवनमा जो अहिलेसम्म आएका छैनन्।
सबैभन्दा सुन्दर फूल हो त्यो
जुन अहिलेसम्म फूलेकै छैन।"

हो त, अझ कति-कति कविताहरू बाँकी छन् तिमी र मैले एक-अर्कालाई सुनाउन। तिम्रो मिठो स्वरले सुन्दर वाचन गर्न। आशा गर्छु तिमीले पनि कविताहरू पठाउने छौं पत्रमा। फेरि कवि र कविताको सम्बन्धबारे छलफल त बाँकी नै छ। अर्को पत्रमा अझै लेखुँला। अहिलेलाई यत्ति नै।

उही तिम्रो मनपर्ने नाम

असिम

---

**पात्र...**

भँवरा निल्ने सुनगाभा। भनेको थियो सुयोगविरले, 'भँवरा बस्न नपाएपछि फूलको के अर्थ ?'

सम्झिँदै भनी वरीले, "तिमी बेकारको टाउको दुखाउछ्यौ सुवानी। जीवनको कुनै अर्थ छैन बुझ्यौ। यो शुन्य हो। शुन्यको के नै अर्थ हुन्छ र ? अनि तिमी जुन जीवनको अर्थ खोज्छ्यौ नी ? मरेको अर्कोदिन खरानी हुन्छ। तिमि मऱ्यौ। शहीद भयौ होइन ? तिमिलाई अनुभूति भयो ? तिमि मऱ्यौ। सक्कियो। अब केही अर्थ छैन तिमिलाई सम्झनुको र बिर्सनुको। मान्छेहरु बस् बाँच्ने बहानामा सम्झिन्छन् , म मरे। शिवराजलाई तितो सम्झना भयो। एक पेग रक्सी थप्ने अर्को बहाना। जिन्दगीको दिन लम्बाउने बहाना। सुयोगवीरलाई मुडुलो टाउको रक्सीको गिलासमा छचल्किएको अनुभूति भयो। जीवन घर्क्याउने अर्को बहाना। के हुन्छ र ? रक्सी पिउँदापिउँदै दुवै मर्छन्। फेरी अर्को कथा शुरु हुन्छ।"

"तर बरी शुन्यको बीचमै अंकहरुको खोजी हुन्छ। जहाँ तिमिले एउटा शुन्य रोपेर छोडेकी हुन्छ्यौ त्यहीं अर्को अर्थ शुरु हुन्छ। टिठ लाग्छ बरी। तिमीले जिन्दगीको सार्थकता नखोजी मऱ्यौ। आफैमा पराजित भएर। सानो हावाको झोंक्काले झरेको फूलजस्तो। उफ् कस्तो निस्सार कति निरर्थक तिम्रो मृत्यु ?" सुवानीका आँखाहरुमा करुणा छचल्कियो।

"तिमि पनि त मारियौ सुवानी", बरीले एक सर्को भाव पोखी।

"लड्दालड्दै बरी। भँवरासँग जुध्दाजुध्दै।" झटपट जवाफदिई सुवानीले। र, बडो करुणायुक्त आवाजमा भनी, "बरी मलाई तिम्रो आत्मपराजित जीवन देखेर टीठ लाग्छ।"

अनि हतारिँदै उठी ऊ। सायद कुनै बैठक भेट्टाउनु थियो उसलाई। उठी र हिंडिहाली। बरी अर्को चुरोट सल्काउँदै थिई।

---

**रूपन्देहीमा...**

सम्मेलनमा कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर चितवनकी उपकुलपति प्रा. डा. शारदा थपलिया, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. रामानन्दन तिवारी, हेफर इन्टरनेसनलका कन्ट्री डाइरेक्टर डा. तीर्थ रेग्मी लगायतले मुलुकको आर्थिक समृद्धिको एउटा बलियो पशु पंक्षीपालन भए पनि तीनै तहका सरकारको नीति, कार्यक्रम र वजेटमा प्राथमिकतामा नपरेको औंल्याउँदै प्राथमिकतामा राख्न र भेटेरिनरी जनशक्तिलाई प्रोत्साहन, नयाँ खोज अनुसन्धानमा लगानी बढाउन सुझाव दिए।

सम्मेलनमा भेटेरिनरी क्षेत्रका उत्कृष्ट विद्यार्थी र लामो समय योगदान गरेका पशु चिकित्सकहरुलाई सम्मान गरिएको महासचिव डा. शंकर न्यौपानेले बताए। सम्मेलनमा १५० भन्दा बढी अनुसन्धानपत्र प्रस्तुत हुने र समूहगत छलफल हुने उनले बताए।

सम्मेलनले मानव, पशु र वातावरणबिचको अन्तरसम्बन्धलाई वैज्ञानिक तथा व्यवहारिक दृष्टिकोणबाट उजागर गर्ने लक्ष्य राखेको डा. न्यौपानेले जनाए।

सम्मेलनमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र सम्बन्धित निकायहरूका साथै खाद्य र कृषि संगठन (एफएओ), अमेरिकी भटमास निर्यात परिषद्, नेपाल भेटेरिनरी काउन्सिल, हेफर इन्टरनेशनल, त्रिभुवन विश्वविद्यालयअन्तर्गतको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि तथा वन विज्ञान विश्वविद्याल, हिकास्ट कलेज काठमाडौं तथा एनपीआई कलेज चितवनलगायतका संस्थाहरूले सहकार्य गरेका छन्।

करिब ५ सय जना पशु चिकित्सकहरूको उपस्थिति रहेको सम्मेलनले नेपालमा पशु स्वास्थ्य, अनुसन्धान तथा नविन प्रविधिको विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।


**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५, ९८००७६०६२२

# निःशुल्क पार्किङ् : बजार चलायमान बनाउने सहज उपाय




**यमलाल भुसाल**

*बुटवल*

रुपन्देहीको तिलोत्तमा नगरपालिकाले बजारलाई चलायमान गराउने लक्ष्यसहित मुख्य सडकको किनारामा निःशुल्क पार्किङ्को व्यवस्थापन गरेको छ। प्रमुख चोकहरुमा पार्किङ्को समस्या देखिएपछि तिलोत्तमाका मुख्य हाइवे सडकमा हरियालीलाई सुरक्षित राख्दै पार्किङ् स्थल स्थापना गरिएको हो।

नगरको कोटिहवा, मणिग्राम र ड्राइभरटोल चोकमा निःशुल्क पार्किङ् स्थल निर्माण सम्पन्न गरी सेवा शुरु भैसकेको छ भने निकट भविष्यमा जानकीनगरमा पनि निर्माण गर्ने तयारी गरिएको नगरपालिकाले जनाएको छ।

नगरको वडा नम्बर १५ को कोटिहवा चोकमा ९५ मिटरको निःशुल्क पार्किङ् सुरु भएको छ। त्यस्तै वडा नं. ५ स्थित मणिग्राम चोकमा ९३ मिटरको निशुल्क पार्किङ् सञ्चालनमा रहेको छ। त्यसैगरी ड्राइभरटोल चोकमा करिब १०२ मिटरको निःशुल्क पार्किङ् बनाइएको छ।

नगर क्षेत्रको व्यवसायलाई सुरक्षित गर्दै व्यवसायीलाई लगानीका लागि उत्प्रेरणा गर्न यस्ता पार्किङ् स्थल जरुरी रहेको महशुस पालिकाले गरी यो अभियान सञ्चालन गरेको नगरप्रमुख रामकृष्ण खाँणले बताए। निःशुल्क पार्किङ् स्थल बनाएपछि व्यवसाय चलायमान भएको नगर प्रमुख खाँणले बताए। नगर प्रमुख खाँणले बढ्दै गएको सवारी चाप र यत्रतत्र जथाभावी हुने पार्किङ्लाई व्यवस्थित बनाउँदै नगरको कोटिहवालाई आर्थिक केन्द्र, मणिग्रामलाई राजनैतिक केन्द्र र ड्राइभरटोललाई विकसित हुँदै गएको बजारका रुपमा स्थापित गर्नका लागि निःशुल्क पार्किङ्ले टेवा पुग्ने विश्वास लिएको बताए।

कोटिहवा क्षेत्रमा ठुला-ठुला उद्योग कलकारखान सञ्चालनमा रहेकाले पनि पार्किङ् स्थल बनाइएको खाँणले बताए।

नगरका विभिन्न स्थानमा पार्किङ् स्थल बनाउनका लागि स्थानीयको लागत सहभागिता आवश्यक रहेको पनि उनले औंल्याए। व्यवसायीलाई फाइदा, दूर्घटना न्यूनीकरण र बजार सुन्दर र सभ्य देखिने भएकाले पार्किङ् निर्माणमा जोड दिएको उनको भनाइ छ।

निःशुल्क पार्किङ् सुविधाले व्यवसायी र सवारी धनी दुबैलाई राहत भएको नगर उप-प्रमुख जगेश्वरीदेवी चौधरीले बताइन्। पार्किङ् स्थल नहुँदा बजार सुक्दै जाने र व्यवसायीहरु पलायन हुने जोखिमलाई मध्यनजर गरी पालिकाले सडक किनारामा पार्किङ् स्थलको व्यवस्था मिलाएको चौधरीको भनाइ छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले हरियाली प्रवर्द्धन र सरसफाइमा गरेको नमूना कामले अन्तर्राष्ट्रिय रुपमा समेत चर्चा कमाएको भन्दै बजार चलायमान गराउने सोचले निशुल्क पार्किङलाई प्राथमिकता दिएको जनाए। पार्किङ् निर्माण उपभोक्ता समितिका अध्यक्ष पशुपति भण्डारीले तिलोत्तमाको कोटीहवालाई आर्थिक केन्द्र बनाउन नगर प्रमुख रामकृष्ण खाँणले प्रतिबद्धताअनुसार निःशुल्क पार्किङ् अभियानलाई सार्थक बनाएको बताए। तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्की, तिलोत्तमा व्यापार संघका अध्यक्ष नेत्रप्रसाद न्यौपाने, तिलोत्तमा उद्योग व्यापार संगठनका अध्यक्ष प्रेम जिएमलगायतले सहज पार्किङ् हुँदा उपभोक्ताले सामान खरिद गर्न स्थानीय बजार आउने, बजार चलायमान हुने र नगरिक खुसी हुने वातावरण निर्माण हुने उल्लेख गरे।

उनीहरुले सडकमा अव्यवस्थित रुपमा सवारी साधन रोकिंदा हुने दुर्घटना न्यूनीकरणमा समेत पार्किङ्ले सघाउने औंल्याए।

तिलोत्तमाका ट्राफिक प्रहरी प्रमुख रेशम रिजालले निःशुल्क पार्किङ्को व्यवस्थाले ट्राफिक व्यवस्थापनमा सहज हुने र दूर्घटना नियन्त्रणमा पनि कमी हुने भएकाले यस्ता निःशुल्क पार्किङ्लाई थप व्यवस्थित बनाउन सुझाव दिए। सडकमा अव्यवस्थित रुपमा सवारी साधन रोकिंदा हुने दुर्घटना न्यूनीकरणमा समेत पार्किङ्ले सघाउ पुराएको ट्राफिक प्रहरी प्रमुख रिजाल बताउँछन्।

त्यस्तै कोटिहवा बजार व्यवस्थापन समिति अध्यक्ष भुवानन्द पाण्डे, न्यू नमूना टोल विकास संस्थाका अध्यक्ष बाबुलाल बञ्जाडे, उपभोक्ता समितिका कोषाध्यक्ष दामोदर डुम्रेलगायतले पार्किङ्को व्यवस्थापनले उपभोक्ताहरुलाई सामान खरिद गर्न बजार आउन सहज भएको र यसले स्थानीय बजारलाई थप चलायमान बनाएको प्रतिक्रिया दिए।

वडा नं. ५ का वडा अध्यक्ष रमेश डुम्रे, वडा नम्बर १५ का वडा अध्यक्ष खेमराज गुरुङ, वडा नम्बर ४ का वडा अध्यक्ष हरिबहादुर क्षेत्री, वडा नम्बर १ का वडा अध्यक्ष फर्सुराम गिरी, वडा नम्बर ३ का वडा अध्यक्ष कल्याण पौडेलले निःशुल्क पार्किङ् सुविधाले व्यापारिक र व्यवसायिक रुपमा मुख्य बजार चलायमान बनाउन टेवा पुगेको बताए। उनीहरुले यस्ता पार्किङ्लाई नगरका अन्य चोकमा पनि विस्तार गर्दै लैजान जरुरी रहेको सुझाए।

तिलोत्तमा नगरपालिका वडा नम्बर ४ का निवर्तमान अध्यक्ष दिवाकर ढकालले पालिकाले निर्माण गरेको निःशुल्क पार्किङ्ले उपभोक्ता र व्यवसायीलाई मात्र नभई सडक किनाराबाट यात्रा गर्नेहरुलाई समेत सहज भएको बताए।

बजार क्षेत्रमा जग्गा अभाव रहेको स्थानमा यस्तै मुख्य सडकको किनारामा भए पनि सानो सानो रुपमा पार्किङ् स्थल बनाउन सकेमा त्यसले नागरिकलाई राहत र नगरको सौन्दर्यतामा समेत टेवा पुग्ने स्थानीयहरुले नगरपालिकालाई सुझाव दिएका छन्।

# नगर विकासका आधारस्तम्भ : २०२ टोल विकास संस्था

**दीवाकर पन्थी**

*तिलोत्तमा*

रुपन्देहीको तिलोत्तमा नगरपालिका तीव्र शहरीकरणतर्फ उन्मुख भैरहँदा यसमा टोल विकास संस्थाहरुको भूमिकाले उत्तिकै काम गरेको छ। नगरको सरसफाइ, हरियाली प्रवर्धन, सामाजिक सचेतना जस्ता क्षेत्रहरूमा सुधारका धेरै काम स्थानीयस्तरमा सक्रिय टोल विकास संस्थाहरूको भूमिका महत्वपूर्ण छ। टोल विकास संस्था स्थानीय तहको सबैभन्दा तल्लो तहमा गठन हुने समुदायमा आधारित संरचना हो। यसको मूल उद्देश्य टोलस्तरमा समस्या टोलस्तरमै समाधान गर्नु र नागरिकलाई विकास प्रक्रियामा प्रत्यक्ष सहभागी गराउनु हो। पालिकाले जारी गरेको विभिन्न कार्यविधिअनुसार यी संस्थाहरूले विकासका योजना छनोट, कार्यान्वयन, निगरानी तथा सामाजिक परिचालनमा महत्वपूर्ण भूमिका खेल्छन्। तिलोत्तमा नगरपालिकामा हाल नगरभित्र २०२ वटा टोल विकास संस्था सक्रिय रहेका छन्। नगरपालिकाले २०७४ सालदेखि विभिन्न कार्यविधि निर्माण गरी टोल विकास संस्थालाई संस्थागत रूपमा सुदृढ बनाउने प्रयास गरेको छ। साथै, २०७७ मा सञ्जाल गठन तथा परिचालनसम्बन्धी कार्यविधि ल्याएर टोल विकास संस्थाहरूलाई एकीकृत सञ्जालमा आबद्ध गरिएको छ।

तिलोत्तमामा टोल विकास संस्थाहरूले नियमित सरसफाइ अभियान सञ्चालन गर्दै आएका छन्। टोल विकास संस्थाले सञ्चालन गरेका अभियानहरूले समुदायमा स्वच्छता संस्कार विकास गर्न मद्दत गरेको छ। नगर प्रमुख रामकृष्ण खाँण भन्छन्-"नगरमा सञ्चालन हुँदै आएका विभिन्न अभियानात्मक क्रियाकलाप, विकास निर्माण, सामाजिक सशक्तिकरण, सचेतना अभिवृद्धिमा टोल विकास संस्थाहरुको महत्वपूर्ण सहभागिता रहँदै आएको छ। त्यसमा सरसफाइ र हरियाली प्रवर्धन अभियान प्रमुख हो।" स्थानीयस्तरका साना पूर्वाधार निर्माणमा टोल विकास संस्थाहरूले योगदान गर्दै आएका छन्। सडक निर्माण, नाली निर्माण, सडक बत्ती जडान जस्ता कामहरूमा स्थानीय श्रमदान र सहकार्यमा टोल विकास संस्थाहरु अग्रसर छन्। यस्तै लैंगिक हिंसा, बालअधिकार, स्वास्थ्य, लागुऔषध नियन्त्रण जस्ता विषयमा सचेतना कार्यक्रम पनि टोल विकास संस्थामार्फत् सञ्चालन हुने गरेका छन्।

स्थानीयस्तरमा विवाद समाधान, सहकार्यको भावना विकास, आपतकालीन अवस्थामा सहयोग जस्ता क्षेत्रमा टोल विकास संस्थाहरूले समुदायलाई एकताबद्ध बनाएका छन्। नगर उप-प्रमुख जगेश्वरदेवी चौधरी भन्छिन्-"विकास निर्माणका हरेक चरणमा समुदायको सहभागिता सुनिश्चित गरी कार्यान्वयन गर्दा दिगो हुने र नागरिकको योजनाप्रति अपनत्व रहने यथार्थतालाई ममन गरी हामीले हरेक अभियानलाई समुदायमा जोड्ने गरेका छौं।"

टोल विकास संस्थाविना स्थानीय विकास कठिन हुने भएकोले तिलोत्तमा नगरपालिकाले टोललाई सशक्त बनाउने प्रयत्न गर्दै आएको छ। प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालको भनाइमा समुदायको आवश्यकता, स्थानीय स्रोत र जनसहभागिताको सशक्त संयोजनमार्फत् सामाजिक, भौतिक र वातावरणीय विकासका विविध पहलहरू सञ्चालन गर्न टोल विकास संस्थाहरूले अग्रणी भूमिका खेलेका छन्। सरसफाइ, हरियाली प्रवर्धन, सडक र सार्वजनिक स्थलहरूको संरक्षण, महिला सशक्तीकरण, सचेतना अभिवृद्धि तथा समुदायमा सकारात्मक सोंच प्रवर्धनजस्ता कार्यहरूमा टोल विकास संस्थाहरूको निरन्तर सक्रियता तिलोत्तमा नगरको गर्वको विषय बनेको छ। उनी थप्छन्-"टोल विकास संस्थाले स्थानीय तह र नागरिकबीच पुलको काम गरेका छन्।"

तिलोत्तमा नगरपालिकामा टोल विकास संस्थाहरू स्थानीय विकासका सशक्त साझेदारका रूपमा स्थापित भएका छन्। नीति, संरचना र सक्रिय नागरिक सहभागिताको संयोजनले टोल विकास संस्थालाई प्रभावकारी बनाएको छ। कार्यपालिका सदस्य तथा वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक सुरेन्द्र श्री भन्छन्-"जनप्रतिनिधिहरुले अगि सारेका नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा टोलस्तरमा कार्यान्वयन गराउने काम टोल विकास संस्थाहरुले गर्दै आएका छन्। पूर्णसरसफाइ उन्मुख नगर घोषणा, बालमैत्री नगर घोषणा, नियमित सरसफाइ, हरियाली प्रवर्धन, तथ्यांक संकलनलगायत नगरपालिकाले अघि सारेका कार्यक्रमहरुको सफल कार्यान्वयनमा टोल विकास संस्थाको भूमिका प्रशंसनीय छ।"

तिलोत्तमा नगरपालिकामा नगर कार्यपालिकाले मिति २०७४/१०/०३ मा स्वीकृत गरी कार्यविधि निर्माण गरेपश्चात् टोल विकास संस्थाहरु गठन भएका हुन्। टोल विकास संस्थालाई वडा भन्दातल्लो इकाइको रुपमा लिइएको छ। तिलोत्तमा नगरपालिकामा निश्चित भौगोलिक क्षेत्र भित्रका कम्तीमा ८० र बढीमा ३५० घरधुरी सदस्यहरुलाई सहभागी बनाएर टोल विकास संस्थाको गठन गरिएको छ। टोल विकास संस्था क्रियाशील रहन नगरपालिका र वडाले अनुदान दिन सक्ने व्यवस्था कार्यविधिले गरेको छ। जसअनुसार क्रियाशीलताको आधारमा हरेक वर्ष नगरपालिकाबाट टोल विकास संस्थालाई बजेट विनियोजन हुँदै समेत आएको छ। टोल विकास संस्थाको कामलाई व्यवस्थित बनाउन "टोल विकास संस्था सञ्जाल गठन र संचालन सम्बन्धी कार्यविधि, २०७७" अनुसार हरेक वडामा वडास्तरीय टोल विकास सञ्जाल र नगरमा नगरस्तरीय टोल विकास सञ्जाल क्रियाशील छन्।

नगरपालिकाका वरिष्ठ सामाजिक परिचालक अल्पा घिमिरे भन्छिन्-"सामाजिक र आर्थिक विकासका थुप्रै सूचकहरूमा उल्लेखनीय फड्को मारेको यस नगरपालिकाको सफलता कुनै एक तह वा व्यक्ति विशेषको प्रयासले मात्र सम्भव भएको होइन–यो एक साझा सहकार्यको उपज हो। यस सहकार्यको मेरुदण्डका रूपमा टोल विकास संस्थाहरूको भूमिका विशेष महत्वका साथ स्मरणीय छ।' टोल विकास संस्थाले प्रत्येक वडाका बासिन्दालाई सिधा विकास र पालिकाका हरेक अभियान प्रक्रियामा जोड्ने काम गरेका र नगरस्तरीय र वडास्तरीय सञ्जालसमेत रहेको प्रणालीले टोलबीच समन्वय र सशक्तिकरणको आधार तयार पारेको घिमिरेले बताइन्।

स्थानीय आवश्यकतालाई पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने र योजना कार्यान्वयनमा पालिकालाई सघाउने काम समेत टोल विकास संस्थाले गर्दै आएका नगरपालिकाकी उप-प्रमुख जगेश्वरदेवी चौधरीले बताइन्।

'टोल विकास संस्थाहरुको सक्रियता र क्रियाशीलताले नगरको पूर्वाधार निर्माणमा नागरिक स्वामित्व बढेको छ, बजेटको सदुपयोग भएको छ र पारदर्शिता कायम राख्न सहज भएको छ,' उप-प्रमुख चौधरीले भनिन्-'टोल विकास संस्था समुदायमा सामाजिक ऐक्यबद्धता, सहभागिता र समावेशीकरणको आधार हो, शिक्षाको प्रवर्द्धन, महिला सशक्तिकरण, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका मुद्दामा पैरवी, घरेलु हिंसाविरुद्ध सचेतना, स्वास्थ्य शिविर, रक्तदान, योग शिविर सञ्चालन लगायतका क्रियाकलापहरू टोलहरूको अगुवाइमा सम्पन्न हुने गरेका छन्।'

# जनउत्थानको १६औं वार्षिकोत्सव



बुटवल। जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.ले संस्था स्थापनाको १६औं वार्षिकोत्सव वृहत् रक्तदान कार्यक्रम सम्पन्न गरी मनाएको छ।

संस्थाको केन्द्रीय कार्यालयको आयोजनामा बुटवल उप-महानगरपालिका वडा नं. १० का कार्यवाहक अध्यक्ष रमेशप्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा संस्थाका अध्यक्ष एवम् नेपाल सरकारका पूर्व सचिव डा. मानबहादुर विके, संस्थाका पूर्व अध्यक्ष रेवन्तबहादुर विश्वकर्मा, सञ्चालक यज्ञविक्रम शाही, गुरुराज बरुवाल, दिपक बि.क., जनउत्थान सामूहिक गीतका संगितकार सुरशे सेन्चुरीलगायत संस्थाका कर्मचारीहरु, रक्तदाताहरुको उपस्थितिमा संस्थाको केन्द्रीय कार्यालय परिसर बुटवल-१०, कालिकानगर रुपन्देहीमा सो कार्यक्रम सम्पन्न भएको हो।

१६औं वार्षिकोत्सवको अवसरमा कार्यक्रमका प्रमुख अतिथिद्वारा जनउत्थान सामूहिक गीत सार्वजनिक गरी कार्यक्रमको उद्घाटन गरिएको थियो।

रक्तदान कार्यक्रममा संस्थाका सञ्चालक, कर्मचारी, ग्राहक, शेयरधनी र सर्वसाधरण गरी ३९ जनाले रक्तदान गरेका थिए। संस्थाले वार्षिकोत्सवका अवसरमा शाखा कार्यालयहरुमार्फत् समेत विभिन्न कार्यक्रम तथा रचनात्मक क्रियाकलापहरु सम्पन्न गरेको छ।

संस्थागत सामाजिक उत्तरदायित्वमा अग्र पङ्क्तिमा रहेर भूमिका निर्वाह गर्दै आएको संस्थाले हरेक वर्ष वार्षिकोत्सवको अवसर पारेर विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आइरहेको छ।

वार्षिकोत्सवका अवसरमा जनउत्थान गान सार्वजनिक गर्दै संगितकार शुरेस सेन्चुरीलाई प्रशसापत्र प्रदान गर्नुका साथै रक्तदाताहरुलाई प्रशंसा पत्र समेत प्रदान गरिएको थियो।

१६औं वार्षिकोत्सवको सन्दर्भमा संस्थाका ३९ वटै शाखा सञ्चालन कार्यालयहरुमार्फत् सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामाजिक क्रियाकलापहरु अपाङ्गता भएका छात्र, छात्राहरु, जेहन्दार तथा गरिब बालबालिकाहरुको गुणस्तरीय शिक्षाका लागि शैक्षिक सामग्री वितरण, सरसफाइ कार्यक्रम, बिउ बिजन वितरण, रक्तदान, अनाथ आश्रम तथा वृद्धा आश्रममा जिन्सी तथा खाद्यन्न सामग्री वितरण, रक्तदान, सरसफाइ तथा डस्टविन वितरण, सदस्य तथा अविभावक भेला, मन्दिर परिसर सरसफाइलगाएतका कार्यक्रमहरु गर्नुका साथै सम्पूर्ण शाखा सञ्चालन कार्यालयहरुबाट सृर्जनात्मक तथा रचनात्मक कार्यहरु गरी मनाइँएको संस्थाका प्रमुख कार्यकारी अधिकृत सुनिलकुमार रायले जानकारी दिए।

वित्तीय संस्थाले आफ्नो १६औं वर्षसम्मको यात्रामा पूर्वको पर्सादेखि पश्चिमको कञ्चनपुरसम्मका ११ वटा तराईका जिल्लाहरु र थप ८ वटा पहाडी जिल्लाहरु गरी जम्मा १९ वटा जिल्लाहरुमा ३९ वटा शाखा कार्यालयमार्फत् हालसम्म करिव ६२,४०५ जना समूह सदस्यहरुका माझ प्रत्यक्ष रुपमा सेवा पुऱ्याउनुका साथै समूह सदस्यको मागमा आधारित विभिन्न सीप मूलक तालिमहरु, वित्तीय साक्षरता अभियान तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित सेवाहरु समेत प्रवाह गर्दै आइरहेको छ।

हार्दिक अनुरोध

सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ।

- शारीरिक कमजोरी तथा दृष्टिविहीन नागरिकलाई प्राथमिकता दिई सहयोग गरौं।
- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं।
- सडकमा बाटो काट्नु पर्दा जेब्रा क्रसिङ, आकाशेपुल, सब-वे अथवा पेलिकन बत्ती या कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं।
- चालकले सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं।
- विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौं।
- पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं।

सडक डिभिजन कार्यालय
बुटवल, लुम्बिनी प्रदेश, नेपाल

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस।
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-8, रुपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com